# जानकी गाउँपालिका,बाँकेको

# स्थानीय राजपत्र

खण्डः १ | संख्याः १५ | प्रमाणीकरणः २०७८/०७/०४

प्रकाशन मितिः २०७८/०७/१२


**भाग-१**

## जानकी गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७८ (पहिलो संशोधन)

**प्रस्तावनाः**

प्रत्येक नागरिकमा ज्ञान, शिप, राष्ट्रियता, नैतिकता, सदाचार, सहिष्णुता तथा मानवीय मूल्यको प्रवर्द्दन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको संवृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा अधारित र सक्षम योग्य प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस जानकी गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक संस्थाहरुको व्यवस्थापन गर्न वान्छनीय भएकोले, "नेपालको संविधानको धारा ५७(४) अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२" वमोजिम जानकी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम ‘‘जानकी गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७८” रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् जानकी गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

**(२) परिभाषाः** .विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) ‘‘ऐन” भन्नाले जानकी गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७८ लाई जनाउँछ ।

ख) ‘‘कार्यपालिका” भन्नाले जानकी गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

ग) ‘‘कोष” भन्नाले दफा ४३ बमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई जनाउँछ ।

घ) ‘‘गाउँपालिका” भन्नाले जानकीगाउँपालिकालाई जनाउँछ ।

ङ) ‘‘गाउँसभा” भन्नाले जानकी गाउँपालिकाको गाउँसभालाई जनाउँछ ।

च) ‘‘शिक्षा शाखा” भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने बिषयगत शाखालाई जनाउँछ ।

छ). ‘‘सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारद्वारा स्वीकृति वा अनुमति लिई खोलिएका सरकारी अनुदान प्राप्त शैक्षिक संस्थालाई जनाउँछ ।

ज) ‘‘संस्थागत विद्यालय” भन्नाले जानकी गाउँपालिकाको स्थानीय शिक्षा ऐन, नियमावली बमोजिम अनुमति लिई खोलिएको शैक्षिक संस्थालाई जनाउँछ, ।

झ) ‘‘वाल शिक्षा केन्द्र” ,भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष पूरा नगरेका बालवालिकाका लागि खोलिएको प्रारम्भिक वाल शिक्षा केन्द्र, विद्यालय नर्सरी, के.जी.वा मन्टेश्वरी कक्षा समेतलाई जनाउँछ ।

ञ) ‘‘आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक वालशिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षालाई जनाउँछ

ट) ‘‘माध्यमिक शिक्षा” भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षालाई जनाउँछ ।

ठ) ‘‘विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुबै शिक्षालाई जनाउँछ ।

ड) ‘‘प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, शीप तथा विषयबस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराउने शिक्षालाई जनाउँछ ।

ढ)	"व्यवस्थापन समिति" भन्नाले दफा १८ बमोजिम गठन हुने विद्यालयको सञ्चालन ,व्यवस्थापन र रेखदेख गर्न गठित समितिलाई जनाउँछ ।

ण)	"अध्यक्ष" भन्नाले प्रसंग अनुसार जानकी गाउँपालिकाका अध्यक्ष र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतलाई जनाउँछ ।

त)	"प्रम्रख प्रशासकीय अधिकृत" भन्नाले जानकी गाउँपालिका,गाउँकार्यपालिका कार्यलयको प्रशासननिक नेतृत्व गर्न तोकिएको वा अख्तियारी प्राप्त अधिकृत वा कर्मचारीलाई जनाउछ

थ)	"शिक्षा शाखा प्रमुख" भन्नाले शिक्षा ,युवा तथा खेलकुद शाखामा कामकाज गर्ने शाखा अधिकृत वा तोकिएको कर्मचारीलाई जनाउँछ ।

द)	"अभिभावक" भन्नाले विद्यालयको अभिलेख बमोजिम विद्यार्थीको आमा बाबु वा पालनपोषण, हेरविचार वा संरक्षण गर्ने व्यक्तिलाई जनाउँछ ।

ध)	"शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गर्न नियुक्ति गरिएका व्यक्ति तथा प्रधानाध्यापक समेतलाई जनाउँछ

न)	"शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नकमाउने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठीलाई जनाउँछ ।

प)	वडा समिति भन्नाले वडा कार्य समिति बुझ्नु पर्छ ।

## परिच्छेद २

**(३) विद्यालयको तह, प्रकार र वर्गीकरणः**

१) विद्यालयको तह देहाय बमोजिम दुई प्रकारको हुनेछ ।

**क) आधारभूत तह-** प्रारम्भिक वाल कक्षा देखि कक्षा आठ सम्म पढाई हुने विद्यालय आधारभूत विद्यालय हुनेछन् । आधारभूत तहमा प्रारम्भिक वाल कक्षादेखि कक्षा तीन सम्म, प्रारम्भिक वाल कक्षा देखि कक्षा पाँच सम्म र प्रारम्भिक वाल कक्षा देखि कक्षा आठ सञ्चालित विद्यालय हुनेछन् ।

**ख) माध्यमिक तह-** कक्षा नौ देखि बाह्र सम्म सञ्चालित विद्यालय माध्यमिक तह हुनेछन् ।

२) माध्यमिक विद्यालयको प्रकार देहाय बमोजिम हुनेछ ।

क) साधारण माध्यमिक विद्यालय

ख) संस्कृत माध्यमिक विद्यालय

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालय

३) विद्यालयको किसिम, स्रोत साधन, सम्पत्ति तथा लगानीका आधारमा देहाय बमोजिम बर्गिकरण हुनेछ ।

क) सामुदायिक विद्यालय

ख) संस्थागत विद्यालय

ग) धार्मिक विद्यालय मदरसा ,गुम्वा तथा गुरुकुल विद्यालय

घ) .....................

ङ) ........................

**४. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

(क) आधारभूत (कक्षा ५) सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूरशिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**६. विद्यालय संचालन गर्न अनुमति लिनुपर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित पालिकामा अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा शिक्षा समितिले निर्णय गरी सिफारिश सहित गाउँपालिकामा पेश गरेमा गाँउपालिले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका वखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन दिएमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिनभित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित पेश गर्नेछ र माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिशमा गाउँपालिकाले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(५) प्राविधिक शिक्षा तथा ब्यवसायिक तालीम परिषद्द्वारा तर्जुमा गरिएको प्राविधिक तथा ब्यवसायिक माद्यमिक शिक्षा (टि-एस.इ.इ.) सञ्चालनका लागि कुनै सामुदायीक माद्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सिफारिशमा गाउँपालिकाले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनुअघि परिषद्द्वारा तोकिएको मापदण्ड जाँचबुझ र यकिन गर्ने कार्य गाउँ शिक्षा समिति र शिक्षा शाखाले गर्नुपर्नेछ ।

(६) उपदफा (२), (३) वा (५)मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक मदरसाको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने गरी आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका अध्यक्ष समक्ष आवेदन दिनु पर्नेछ । गाउँ कार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोकेबमोजिम हुनेछ ।

(१०) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

(११) निजी लगानीकर्ताले साझेदारी विद्यालयको सञ्चालन गर्न सरकारी विद्यालयको पूर्वाधार उपयोग गर्न चाहेमा गाउँपालिकाले अनुमति दिन सक्नेछ । गाउँपालिकाले आवश्यक ठानेमा आफू अन्तर्गतका कुनै विद्यालयलाई निश्चित शुल्क लिई गुणस्तरीय शिक्षा प्रदान गर्ने शर्तमा निश्चित अवधिका लागि साझेदारीमा सञ्चालन गर्न स्वीकृति प्रदान गर्न सक्नेछ । यस प्रयोजनका लागि गाउँपालिकाको शिक्षा शाखाले साझेदारीका शर्तहरु तयार गर्नेछ ।

(१२) माथि जेसुकै उल्लेख भएतापनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम संचालन भएका मानिनेछन् । तर यस अघि संञ्चालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नुपर्नेछ ।

७. **धरौटी राख्नु पर्नेः**सामुदायिक र संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापतको धरौटी रकम नियमावलीमा उल्लेख गरे बमोजिम हुनेछ ।

८. **धरौटी रकम जम्मा गरिने** : (१) विद्यालयले दफा (७) बमोजिमको धरौटी बापतको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेछ ।

९. सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक कार्यक्रमहरु गाउँपालिकाले जारी गरेको ऐन नियम बमोजिम हुनेछ ।

१०. गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बालशिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

११. **वालगृहको संचालनः** गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले वालगृह संचालन गर्न पाउनेछ । वालगृह संचालनको लागि आवश्यक प्रकृया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

१२. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

१३. **गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

(१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ । प्राथमिक तहको विद्यालयमा कुल ३० जना भन्दा कम विद्यार्थी भएमा गाउँ शिक्षा समितिको सिफारिसमा बाल शिक्षा केन्द्र मात्र कायम राखी त्यस माथिका कक्षाहरु गाँउपालिकाले वन्द गर्न सक्नेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतिका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुने आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिशमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विशेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । तर, माध्यमिक तहको हकमा कम्तीमा ५०,००,०००।- (पचासलाख रुपैया), आधारभूत तहको हकमा कम्तीमा ३०,००,०००। (तीसलाख रुपैया) रुपैया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

५)	उपदफा (१) बमोजिम विद्यालय सार्दा, गाभ्दा वा बन्द गर्दा उक्त विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको विवेकपूर्ण व्यवस्थापन गर्नुपर्नेछ ।

## परिच्छेद ३

## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

१४. **गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्य -अध्यक्ष

(ख) गाउँ कार्यपालिकाका महिला तथा दलित समेत २ जना सदस्यहरु -सदस्य

(ग) सामुदायिक विद्यालयको प्र.अ.हरु मध्येवाट अध्यक्षले तोकेको एक जना प्रधानध्यापक -सदस्य

(घ) संस्थागत विद्यालयहरुको प्रतिनिधिमूलक संस्था मध्येवबाट अध्यक्षले तोकेको प्रतिनिधि एकजना -सदस्य

(ङ) गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फवाट गाउपालिका अध्यक्षले तोकेको एक जना -सदस्य

(च) सबै वडाका वडा शिक्षा संयोजक - पदेन सदस्य

(छ) शिक्षकहरुको स्थानीय तहको पेशागत छाता संगठनको अध्यक्ष वा प्रतिनिधि एकजना - सदस्य

ज) सामाजिक विकास संयोजक

(झ) सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये १ जना गाउँ शिक्षा समितिका संयोजकले मनोनित गर्ने सदस्य

ञ) स्थानीय बुद्धिजीवि ,शिक्षाप्रेमी मध्येबाट १ जना गाउँ शिक्षा संयोजकले मनोनित गर्ने सदस्य

(ट) प्रमुख प्रशासकीय अधिकृत - पदेन सदस्य

(ठ) शिक्षा शाखा प्रमुख - सदस्य-सचिव

मनोनित सदस्यको पदावधि २ वर्ष हुनेछ

(२) समितिको बैंठक संचालन प्रकृया, बैंठकभत्ता तथा सेवासुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नुअघि मनासीव माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) आफ्नो कार्यक्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित, स्वच्छ,निष्पक्ष, धाँधलीरहित, स्तरीय र भयरहित वातावरणमा सञ्चालन गर्न सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(ज) शिक्षाको गणुस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्यांकन गर्ने ।

(झ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

(ञ) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत,दण्ड र कारवाही गर्ने गराउने ।

(ट) विषयगत विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(ठ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृति र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(ड) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँपालिकामा पेश गर्ने ।

(ढ) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

(ण) सम्भव भएसम्म प्राथमिकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

(त) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(थ) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागू गर्ने, गराउने ।

(द) शिक्षक तालीम नीति तर्जुमा गरी केन्द्र र प्रदेश सरकारसँग समन्वय गरी लागू गर्ने । (

ध) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(न) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने ।

(प) शिक्षामा सवै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु संचालन गर्ने ।

(फ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

१५. गाउँपालिका अन्तर्गतका शिक्षा सम्वन्धी कार्यक्रम ब्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शिक्षा अधिकृत रहनेछन् । निज को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) गाउँस्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ शिक्षा समितिमा पेश गर्ने ।

(२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

(३) विद्यालय तथा शैक्षिक संस्थाहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने ।

(४) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

(६) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने ।

(७) अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१६. वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ

(क) सम्बन्धित वडाको वडाध्यक्ष -

संयोजक

(ख) वडासमितिका सदस्यहरु मध्ये वडासमितिले तोकेको एक जना महिला सदस्य

-सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडासमितिले तोकेको एकजना

-सदस्य

(घ) विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिले तोकेको दुईजना

-सदस्य

(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडासमितिले तोकेको एकजना

-सदस्य

(च) सम्बन्धित वडासचिव -पदेन सदस्य

छ) वडाको उच्चतम तहको सामुदायिक विद्यालयको स्थायी प्रधानाध्यापकहरुमध्येबाट वडा संयोजकले मनोनित गरेको प्रधानाध्यापक सदस्य सचिव

**(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार** :

क) आफ्नो वडाको शैक्षिक अभिबृद्धिका लागि योजना तर्जुमा र समन्वय गर्ने ।

(ख) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(घ) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

(ञ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

**१७. विद्यालय व्यवस्थापन समिति** : (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) समितिका सदस्यहरू मध्येबाट खण्ड (ख) र (घ) बाट छानिएका व्यक्तिहरु मध्ये वडा समितिले वडा कार्य समिति सिफारिस गरेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकले आफुहरु मध्येबाट छानेका कम्तीमा दुई महिला सहित चारजना -सदस्य

(ग) विद्यालय रहेको वडाका वडाध्यक्ष वा निजले तोकेको सोही वडाका जनप्रतिनिधिहरु मध्येबाट एकजना -सदस्य

(घ) विद्यालयका संस्थापक, बुद्धिजिवी, चन्दादाताहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(ङ) शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

**समितिमा वालक्लवका प्रतिनिधि छात्रा-१ र छात्र-१ लाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य रुपमा बैठकमा सहभागी गराउनु पर्नेछ ।**

(२) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(क) उपदफा (१) बमोजिम छानिएका पदाधिकारीहरुले कुनै कारणवश पदबाट राजीनामा दिनु परेमा सदस्यहरुले अध्यक्ष र अध्यक्षले समिति समक्ष पेश गर्नुपर्नेछ । यसरी पेश भएको राजीनामा समितिबाट स्वीकृत हुनेछ।

(ख) उपदफा (१) (क) बमोजिम राजीनामा स्वीकृत भएमा गठन हुँदाका बखत जुन उपदफाबाट नियुक्त पदाधिकारी हो सोही प्रकृया बमोजिम १५ दिनभित्र पुनर्गठन गर्नुपर्नेछ ।

(३) विद्यालयलाई शान्तिक्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पूरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

**(४) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चलअचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने, राख्न लगाउने

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।

(च) स्वीकृत दरवन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने;

(छ) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेशगर्ने

(झ) तोकिएका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने गराउने ।

(ञ) प्रचलित कानूनको पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने;

(ट) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,

(ठ) विद्यालयको नियमित अनुगमन गरी शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक कार्य गर्ने,

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(५) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैँ बनाउन सक्नेछ ।

(६) गाउँ शिक्षा समितिले आवश्यक ठहर्‍याएमा गाउँालिकाको सहमतिमा एकभन्दा बढी विद्यालयहरुको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी व्यवस्थापन गर्न सक्नेछ ।

**(१८) शिक्षक अविभावक संघः** सबै विद्यालयमा सम्पूर्ण शिक्षक र अविभावकहरु सदस्य रहेको एक एघार सदस्यीय शिक्षक अविभावक संघ रहनेछ । यस प्रयोजनका लागि विद्यालय व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई समिति गठन गर्नेछ । (१) हरेक विद्यालयमा देहाय बमोजिमको शिक्षक अभिभावक संघको गठन हुनेछः

क) अभिभावकहरुको भेलाले आफूहरु मध्येबाट छनौट गरी पठाएको एकजना -संयोजक

ख) अभिभावकहरुको भेलाले आफुहरु मध्येबाट छनौट गरी पठाएका कम्तीमा दुईजना महिलासहित -सदस्य

ग) सम्वन्धित वडाका वडाध्यक्ष वा निजले ताकेको वडासमितिको सदस्य एकजना

-सदस्य

घ) विद्यालयको उच्चतम् कक्षामा अध्ययनरत अघिल्लो वर्ष सर्वोत्कृष्ट अंक प्राप्त गरेको विद्यार्थी एकजना -सदस्य

ङ) प्रधानाध्यापक -सदस्य

च) शिक्षक प्रतिनिधि ४ जना

प्रधानाध्यापकले तोकेको शिक्षक -सदस्य-सचिव

२) उपनियम (१) बमोजिम गठित समितिको पदावधि ३ बर्षको हुनेछ ।

३) उपनियम (२) बमोजिम गठित समितिको बैठक त्रैमासिक रुपमा बस्नेछ । बैठकको कार्यविधि सोही समितिले तय गरे बमोजिम हुनेछ ।

४) उपनियम (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्न आवश्यक कार्य गर्ने ।

ख) विद्यालयको आर्थिक तथा भौतिक व्यवस्थापनमा सहयोग गर्ने ।

ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी लिई सो सम्वन्धमा अन्तरक्रिया गरी विद्यालय व्यवस्थापन समिति लाई सुझाव दिने ।

घ) विद्यालयमा आईपर्ने सबैखाले समस्या समाधान गर्न मद्धत गर्ने ।

ङ) आन्तरिक तथा महालेखापरीक्षकको प्रतिवेदन माथी छलफल गरी पारित गर्ने ।

च) समितिको संयोजकले लेखापरीक्षण समितिको संयोजकको रुपमा तोकिएको कार्य गर्ने ।

## परिच्छेद ४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

**१९. गाउँपालिकाले शिक्षकको दरवन्दी निधार्रण गर्नेः** (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा संघीय वा प्रदेश मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

३) प्रत्येक विद्यालयमा तोकिए बमोजिम कर्मचारीहरुको व्यवस्था गनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरुको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ ।

२०. **शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताः** शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

२१. **शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः** (१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिश गर्नेछः

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा नोकरी गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सकृय सदस्य रहेको वा कुनै पनि तहको कार्यसमितिमा रहेर काम गरिरहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा ३ बर्षको औषत शैक्षिक उपलब्धी गणित / विज्ञान विषयमा ३०% र अन्यविषयमा ४०% भन्दा कम भएमा,

ज) गम्भीर तरिकाले विद्यालयको हानी नोक्सानी हुने कार्य गरेको वा आर्थिक हिनामिना गरेको ठहरिएमा,

झ) तालुकदार निकायका पदाधिकारीबाट प्राप्त निर्देशन पटक पटक उल्लङ्घन गरी विद्यालयको अनुशासन भङ्ग हुने कार्य गरेमा , ञ) विद्यार्थीहरु प्रति अनुचित व्यवहार, दण्ड सजाय गरी शारीरिक तथा मानसिक रुपमा गम्भीर क्षति हुने कार्य गरेको ठहरिएमा,

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत शिक्षकलाई पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका प्रदान गरिनेछ ।

## परिच्छेद ५

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालीम

२२. **शिक्षकको नियुक्तिः**

(१) विद्यालयमा कायम भएको रिक्त शिक्षक पदमा करार नियुक्तिको व्यवस्था शिक्षा नियमावलीमा उल्लेख गरे बमोजिम हुनेछ ।

**२३. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न हरेक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछन् ।

(२) प्रधानाध्यापकको नियुक्ति सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) माध्यमिक तहमा प्रधानाध्यापक नियुक्त हुन शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधी प्राप्त स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिशमा गाउँ शिक्षा समितिले प्रधानाध्यापक नियुक्ति गर्नेछ ।

(ख) आधारभूत तहमा प्रधानाध्यापक हुन शिक्षा शास्त्रमा स्नातक उपाधी प्राप्त स्थायी शिक्षक हुनुपर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिशमा गाउँ शिक्षा समितिले प्रधानाध्यापक नियुक्ति गर्नेछ ।

(ग) प्रधानाध्यापकले नियुक्ति हुनुपूर्व पाँच बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्षपेश गर्नुपर्नेछ ।

(घ) प्रधानाध्यापकको अवधि ५ बर्षको हुनेछ । निज बढीमा २ कार्यकाल मात्र सो पदमा वहाल रहन पाउनेछ

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) निजले पेश गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा गाउँ शिक्षा समितिले हटाउन सक्नेछ । तर निजलाई पदबाट हटाउनु अघि एकपटक स्पष्टिकरणको मौका दिइनेछ । माथिका उप-धाराहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विद्यालयमा तोकिएको योग्यता बमोजिमको शिक्षक उपलब्ध नभएको अवस्थामा विद्यालयमा कार्यरत जेष्ठ शिक्षकहरु मध्येबाट व्यवस्थापन समितिको सिफारिशमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

**२४. शिक्षकको सरुवाः** (१) स्थायी शिक्षकको हकमा निजले कुनै एक विद्यालयमा अधिकतम ५ वर्ष सेवा गरेपश्चात अर्को विद्यालयमा सरुवा हुन सक्नेछ । यसरी सरुवा गर्दा अर्को विद्यालयको

छनोट सम्वन्धित शिक्षकको रोजाई र प्राथमिकतामा हुनेछ । तर सो विद्यालयमा आफ्नो विषयको दरवन्दी खाली हुनुपर्नेछ ।

(२) न्यूनतम २ वर्ष एकै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका दरवन्दी उपलब्ध भएका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा वा अन्तर स्थानीय निकायमा रहेका विद्यालयहरुमा समेत सरुवा गर्न सक्नेछ ।

(३) विषयगत आवश्यकताको आधारमा विद्यालय व्यवस्थापन समितिको सिफारिशमा गाउँपालिका क्षेत्र भित्रका अस्थायी, करार वा राहत शिक्षकहरुको समेत सरुवा गर्न सकिनेछ ।

(४) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको शुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्थाभन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैँ रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिनेछ ।

**२५.दरवन्दी मिलानः**

(१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत, विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिश गर्न सक्नेछ । यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

**२६.शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः** स्थायी रुपमा कार्यरत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षकहरुको बढुवा हुनेछैन ।

**२७. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

२८. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने:** शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षहरुसँग कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भएनभएको मूल्यांकन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले शैक्षिक शत्रको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु गाउँ शिक्षा समितिले निर्धारण गरी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

२९. **कार्यसम्पादन मूल्यांकन र सजाय तथा पुरस्कारः** (१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

३०. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण:** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेलमैदान कम्पाउण्ड, घेराबारा, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्रछात्राका लागि अलगअलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनुपर्नेछ ।

२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ ।

**३१. विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ ।यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा गाउँ शिक्षा समितिको सिफारिशमा तालुकदार निकायको अनुमति लिई गाउँपालिकाले बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिकाको शिक्षाकोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ ।

**३२. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः** (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व साही विद्यालयको नाममा रहनेछ । सो विद्यालय खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले भोगलन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व विद्यालयव्यवस्थापन समितिको रहनेछ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको हुनेछ ।

**३३. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रदेश तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँ शिक्षा समितिमा बुझाउनु पर्नेछ ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्पुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागू गर्न सक्नेछ ।

५) हरेक विद्यालयमा शैक्षिकस्तरको न्यनूतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

६) अंग्रेजी भाषा सुधारका लागि गाउँपालिकाभर थप पाठ्यपुस्तकको पठनपाठन गर्ने व्यवस्था गर्न सकिनेछ ।

**३४.अतिरिक्त शैक्षिक कृयाकलापः**विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन तथा विद्यार्थीहरुमा अर्न्तनिहित प्रतिभाको विकास गर्न कार्यविधि बनाई “हरेक विद्यालय ,अनेक प्रतिभा” नामक कार्यक्रम सञ्चालन गर्नेछ । साथै अन्य अतिरिक्त शैक्षिक कृयाकलाप हरु बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी कृयाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

परिच्छेद७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन र नियमन

**३५**. संस्थागत विद्यालय सञ्चालन गर्न नियमावलीमा तोकिए बमोजिम अनुमति वा स्वीकृति लिनु पर्नेछ ।

**३६. संस्थागत विद्यालयको व्यवस्थापन समिति :** (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयको संस्थापक वा लगानीकर्ता मध्येबाट गाउँपालिकाबाट मनोनित

-अध्यक्ष

(ख) अभिभावक मध्येबाट कम्तीमा एक महिला सहित दुईजना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित एकजना

-सदस्य;

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्रोतब्यक्ति तोकेका कर्मचारी

-सदस्य;

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य;

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**३७. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** १) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय संचालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने,

(घ) प्रचलित कानून बमोजिम योग्यता पुगेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(ङ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवासुविधा तोक्ने,

(च) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(छ) कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकावाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सवै नीति, नियमतथा निर्देशनहरूको पालना गर्ने;

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३८.संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशत विद्यार्थीहरुलाई तोकिए बमोजिम आर्थिक रुपमा

विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

३९. **शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने:** गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यनूतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

४०. **अनुगमन तथा मूल्याङ्कन:** संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु संस्थागत विद्यालयको कर्तव्य हुनेछ ।

४१. **अनुमति वा स्वीकृति रद्द गर्ने:** कुनै संस्थागत विद्यालयले कानून विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर, त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नुअघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद ८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४२. गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।

((क) प्रमुख प्रशासकीय अधिकृत संयोजक -अध्यक्ष

(ख) ...............................................

(ग) ..................................................

(घ)...........................................................

ड) विषय विज्ञबाट १ जना महिला सहित २ जना मनोनित सदस्य

च) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येबाट २ जना मनोनित सदस्य

(च) शाखा प्रमुख -सदस्य-सचिव

(१) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ । (२) गाउँपालिकाको क्षेत्रधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्थावमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(३) कक्षा ५ र कक्षा ८ को परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ । यसका लागि सम्वन्धित कक्षाका विद्यार्थीहरुबाट परीक्षामा लाग्ने खर्च प्राप्त गर्न परीक्षा शुल्क लिन सक्नेछ ।

(४) शैक्षिक गुणस्तर उकास्न तथा परीक्षामा एकरुपता कायम गर्न स्थानीय शैक्षिक क्यालेण्डर निर्माण गरी अर्ध वार्षिक तथा वार्षिक परीक्षालाई गाउँपालिका स्तरमा सञ्चालन गर्न सकिनेछ ।

(५) उपदफा (२), (३) र (४) वाहेकको कक्षाहरुको परीक्षा संचालन विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ ।

(६) उपदफा (३) र (४) बमोजिमको परीक्षा सञ्चालन गर्न बिषयगत दक्षताको आधारमा गाउँपालिका क्षेत्रभित्रका विज्ञ शिक्षकहरु सम्मिलित परीक्षा उपसमिति गठन गर्न सकिनेछ ।

## परिच्छेद ९

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

४३. **विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम दाखिला हुनेछः

(क) संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

४४. **अनुदानको व्यवस्थाः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरीतोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) गाउँपालिकाले बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

४५. **बजेट तयार गर्ने:** प्रधानाध्यापकले प्रत्येक वर्षको चैत्र मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा नै पठाउनु पर्नेछ ।

४६. **लेखा व्यवस्थापन:** (१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्यायको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) नियमित कारोबारको लेखा राख्ने गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

४७. **सामुदायिक विद्यालयको खाता संचालन:** (१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ । तर लेखा हेर्ने कर्मचारी नभएका विद्यालयहरुको हकमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ । विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेको अवस्थामाशिक्षक बैठकले तोकेको शिक्षक र प्रधानाध्यापकको दसतखतबाट खाता सञ्चालन गर्ने व्यवस्था गर्नुपर्नेछ ।

४८. **लेखापरीक्षण तथा सामाजिक परीक्षण:** (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्टार्ड लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समाप्त भएको ७ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामापेश गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी अभिभावक भेलाबाट विद्यालयको शैक्षिक उपलब्धी, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठपोषण लिनु पर्नेछ ।

४९. **छात्रवृतिको व्यवस्था गर्न सक्ने:** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई निश्चित मापदण्ड अपनाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**५०. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहकेको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइनेछ ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**५१. विद्यालयलाई दिइने छुट र सुविधाः**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुरमा छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधातोकिएबमोजिम हुनेछ ।

## परिच्छेद १०

## विविध

**५२. गाउँपालिकाले निर्देशन दिन सक्ने:**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित निर्देशनहरु विद्यालय यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**५३. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन:**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी क्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**५४.प्रगति विवरण बुझाउनु पर्ने:** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगतिविवरण गाउँपालिकामा बुझाउनु पर्नेछ ।

**५५. शिक्षक वा कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने:** विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय संचालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन ।

**५६. स्थानीय शिक्षा विकास कोष:**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विपन्न, प्राकृतिक प्रकोप पिडित र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्नेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) कोषको सञ्चालन गाउँपालिकाको अध्यक्ष, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको ३ सदस्यीयसमितिबाट हुनेछ ।

**५७. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी काननूले तोकेवमोजिम सजाय हुनेछः

(क) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(घ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(च) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) विद्यालयको शिक्षक वा कमर्चारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दादायर भएको मितिदेखि निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ ।

**५८. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**५९. नियम बनाउने अधिकारः**

(१) यस ऐनको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**६०. संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावलीनबन्दासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिनसक्नेछ ।

**६१. बाधा अडकाउ फुकाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**६२. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन ।

(३) यस ऐनको कुनै प्रावधान नेपालको संविधानसँग बाझिएमा वाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत